**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले विश्वव्यापी चुनौतीहरू बीच भारतको द्रुत वृद्धि भइरहेको **रिफर्म एक्सप्रेस** सही मार्गमा रहेको बताउनुभएको छ।

- वित्त मंत्री-निर्मला सीतारमणले भूराजनीतिक विखण्डन र आर्थिक उथलपुथलको बीचमा भारत विश्वमा बलियो रहेको बताउनु भयो।

- केंद्र सरकारले आंध्र प्रदेश, महाराष्ट्र अनि त्रिपुराको ग्रामीण स्थानीय निकायहरुका लागि 15 औ वित्त आयोग अनुदान अंतर्गत एक हजार 156 करोड़ रुपियाँभन्दा अधिकको राशि जारी गरेको छ।

- अंतर्राष्ट्रीय मुद्रा कोष-आईएमएफले आज भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता-एफटीए लाई एक सकारात्मक विकास बताएको छ।

- महिला प्रिमियर लिग क्रिकेट प्रतियोगितामा हिज राति बडोदरामा रोयल च्यालेन्जर्स बैंग्लोरले यूपी वारियर्सलाई ८ विकेटले पराजित गरेको छ।

**प्रधानमंत्री-आर्थिक सर्वेक्षण**

प्रधान मन्त्री नरेन्द्र मोदीले विश्वव्यापी चुनौतीहरू बीच भारतको द्रुत वृद्धि भइरहेको **रिफर्म एक्सप्रेस** सही मार्गमा रहेको बताउनुभएको छ। एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले भन्नुभयो, हिजो संसदमा पेश गरिएको आर्थिक सर्वेक्षणले देखाउँछ कि भारतको रिफर्म **एक्सप्रेस** पूर्ण समन्वय र उद्देश्यका साथ अघि बढिरहेको छ। प्रधान मन्त्रीले भन्नुभयो, आर्थिक सर्वेक्षणले भारतको आर्थिक आधारको शक्ति र विकास, नवीनता र समावेशी वृद्धिलाई अगाडि बढाउन सरकारको निरन्तर प्रयासलाई प्रतिबिम्बित गर्दछ। उहाले जोड दिए कि पछिल्ला केही वर्षहरूमा निरन्तर भइरहेको सुधारहरूले अर्थव्यवस्थालाई बलियो बनाएको छ र लगानीकर्ताहरू, व्यवसायहरू र नागरिकहरूमा विश्वास जगाएको छ। श्री मोदीले भन्नुभयो, सर्वेक्षणले समष्टिगत आर्थिक आधारहरू, दिगो विकासको गति र राष्ट्र निर्माणमा नवीनता, उद्यमशीलता र पूर्वाधारको बढ्दो भूमिकालाई देखाउँछ। प्रधान मन्त्रीले भन्नुभयो, आर्थिक सर्वेक्षणले किसानहरू, साना तथा मझौला उद्यमहरू, युवाहरूको रोजगारी र सामाजिक कल्याणमा विशेष ध्यान केन्द्रित गर्दै समावेशी विकासको महत्वलाई देखाउँदछ। श्री मोदीले भन्नुभयो, डिजिटल सेवाहरूको विस्तार, स्टार्टअप संस्कृतिको प्रवर्द्धन र ठूलो मात्रामा पूर्वाधार परियोजनाहरू आर्थिक रूपान्तरणको प्रमुख चालकको रूपमा देखा परिरहेका छन्। सर्वेक्षणमा तयार गरिएको कार्ययोजनाको बारेमा कुरा गर्दै प्रधान मन्त्रीले भन्नुभयो, यसले उत्पादनलाई बलियो बनाउन, उत्पादकत्वमा सुधार गर्न र भारतलाई विकसित राष्ट्रको रूपमा अघि बढाउन स्पष्ट दिशा प्रदान गर्दछ। सुधारका लागि सरकारको प्रतिबद्धताले औद्योगिक विकास, सीप विकास र प्रविधिको विकासमा सहयोग पुर् याउँछ भनी श्री मोदीले दोहोर्याउनुभयो । उहाँले भन्नुभयो, आर्थिक सर्वेक्षणमा साझा गरिएको सूचनाले सुविचारित नीतिहरू बनाउन र भारतको आर्थिक भविष्यप्रति विश्वास जगाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ। प्रधानमन्त्रीले विकासको गति कायम राख्न र सबल अर्थतन्त्र निर्माणका लागि सरकार दृढताका साथ काम गरिरहने बताउनु भयो ।

## वित्त मंत्री - आर्थिक सर्वेक्षण

वित्त मंत्री-निर्मला सीतारमणले भूराजनीतिक विखण्डन र आर्थिक उथलपुथलको बीचमा भारत विश्वमा बलियो रहेको बताउनु भयो। सामाजिक सञ्जाल पोस्टमा अर्थमन्त्रीले भन्नुभयो हिज प्रस्तुत गरिएको आर्थिक सर्वेक्षणले विश्वव्यापी अनिश्चितताहरू बीच पनि भारतीय अर्थतन्त्रले बलियो गति कायम राखेको उल्लेख गरेको छ। प्रथम अग्रिम अनुमानले २०२५-२६ का लागि वास्तविक जीडीपी वृद्धि ७.४ प्रतिशत हुने अनुमान गरेको छ। उहाँले भन्नुभ्यो यो प्रदर्शनले लगातार चौथो वर्ष सबैभन्दा छिटो बढ्दो प्रमुख अर्थतन्त्रको रूपमा भारतको स्थितिलाई पुष्टि गर्दछ। मन्त्रीले भन्नुभयो प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको समष्टिगत आर्थिक आधारभूत कुराहरू पहिलेभन्दा बलियो छन्। उहाँले अझ भन्नुभयो सरकारले भारतलाई उच्च-वृद्धिको मार्गमा राख्न विश्वव्यापी चुनौतीहरूलाई सफलतापूर्वक पार गरेको छ, सम्भावित जीडीपी वृद्धि दर ७ प्रतिशतमा बढाएको छ।

## शाह - आर्थिक सर्वेक्षण

गृहमन्त्री अमित शाहले आर्थिक सर्वेक्षण २०२५-२६ ले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतीय अर्थतन्त्रले चुनौतीहरूको सामना गर्दै बलियो हुँदै अगाडि बढेको पुष्टि गरेको बताउनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै उहाँले भन्नुभयो, महामारीका कारण विश्व आर्थिक अस्थिरतातर्फ अघि बढिरहेको बेला भारतीय अर्थतन्त्रले सबैको सहयोगमा यी दुवै चुनौतीलाई सजिलै पार गरेको छ।

## प्रधानमंत्री - बीटिंग रिट्रीट

प्रधानमंत्री नरेन्द्र मोदीले बीटिंग रिट्रीट 2026 को प्रदर्शनीलाई स्मरणीय बताउनु भएको छ। सोशल मीडियाको एक पोस्टमा प्रधानमंत्रीले बीटिंग रिट्रीटको झलकहरु साझा गर्दै भन्नुभयो समारोहमा सेनाको बैंडले बजाएको धुनहरु उत्कृष्ट थिए। उहाँले भन्नुभयो, ऑपरेशन सिंदूर, वंदे मातरमको 150 वर्ष, भारतको नारी शक्तिको क्रिकेट विजय, साथै अश्विनी ड्रोन, भैरव बटालियन अनि प्राचीन 'गरुड़ व्यूह' युद्धको प्रस्तुती उत्कृष्ट थिए।श्री मोदीले बीटिंग रिट्रीटमा केंद्रीय सशस्त्र पुलिस बलका बैंडों द्वारा प्रस्तुत विविध रचनाहरुको पनि सराहना गर्नुभयो। उहाँले भन्नुभयो धुनहरु जीवंतताले भरिएको अनि राष्ट्रको रक्षा गर्ने प्रति गौरवको भावनालाई दर्शाएको थियो।

## पंचायती राज मंत्रालय

केंद्र सरकारले आंध्र प्रदेश, महाराष्ट्र अनि त्रिपुराको ग्रामीण स्थानीय निकायहरुका लागि 15 औ वित्त आयोग अनुदान अंतर्गत एक हजार 156 करोड़ रुपियाँभन्दा अधिकको राशि जारी गरेको छ। यो अनुदानहरुको उद्देश्य जमीनी स्तरमा शासनलाई बलियो बनाउन अनि विशेष क्षेत्रको विकास आवश्यकताहरुलाई पूरा गर्नु हो।

पंचायती राज मंत्रालयले बताए अनुसार  आंध्र प्रदेशमा चालू वित्त वर्षको लागि अप्रतिबंधित अनुदानको दोस्रो किस्ताको रूपमा 410 करोड़ रुपियाँभन्दा अधिकको राशि जारी गरियो भने महाराष्ट्रमा सरकारले 714 करोड़ रुपियाँ भन्दा अधिक अनि त्रिपुराका लागि 30 करोड़ रुपियाँभन्दा अधिकको राशि जारी गरियो।

## प्रधानमंत्री - बीटिंग रिट्रीट

प्रधानमंत्री नरेन्द्र मोदीले बीटिंग रिट्रीट 2026 को प्रदर्शनीलाई स्मरणीय बताउनु भएको छ। सोशल मीडियाको एक पोस्टमा प्रधानमंत्रीले बीटिंग रिट्रीटको झलकहरु साझा गर्दै भन्नुभयो समारोहमा सेनाको बैंडले बजाएको धुनहरु उत्कृष्ट

थिए। उहाँले भन्नुभयो, ऑपरेशन सिंदूर, वंदे मातरमको 150 वर्ष, भारतको नारी शक्तिको क्रिकेट विजय, साथै अश्विनी ड्रोन, भैरव बटालियन अनि प्राचीन 'गरुड़ व्यूह' युद्धको प्रस्तुती उत्कृष्ट थिए।श्री मोदीले बीटिंग रिट्रीटमा केंद्रीय सशस्त्र पुलिस बलका बैंडों द्वारा प्रस्तुत विविध रचनाहरुको पनि सराहना गर्नुभयो। उहाँले भन्नुभयो धुनहरु जीवंतताले भरिएको अनि राष्ट्रको रक्षा गर्ने प्रति गौरवको भावनालाई दर्शाएको थियो।

**आईएमएफ-भारत-यूरोपीय संघ एफटीए**

अंतर्राष्ट्रीय मुद्रा कोष-आईएमएफले आज भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता-एफटीए लाई एक सकारात्मक विकास बताएको छ अनि भनेको छ यसले वैश्विक व्यापार तनाव अनि अनिश्चितता बीच आर्थिक एकीकरणलाई गहिरो गर्नका लागि देशहरुको प्रयासलाई दर्शाउद छ। उदयमान अर्थव्यवस्थाहरुमा आईएमएफको आर्थिक सलाहकार अनि अनुसंधान निदेशक पियरे-ओलिवियर गौरिंचासले भन्नुभयो हालको व्यापार समझौताले दर्शाउदछ कि वैश्विक वाणिज्यका लागि एक उथल-पुथलले भरिएको वर्ष पछि पनि सरकारहरु व्यापार संबंधलाई विस्तार गर्नका लागि व्यावहारिक तरिका खोजिरेका छन्। गौरिंचासले भन्नुभयो वर्तमान वैश्विक परिवेशमा केहि देशहरु अझै पनि ती क्षेत्रहरुमा मजबूत व्यापार संबंध स्थापित गर्ने प्रयास गरिरहेको छ जहां प्रगति संभव छ।

यो टिप्पणी अर्को महीनाको 8 अनि 9 तारीख अल-उलामा सऊदी अरबका वित्त मंत्रालय सित आयोजित हुने आईएमएफको उदयमान बाजार अर्थव्यवस्थाहरुको सम्मेलन अघि आएको हो, जहां नीति निर्माता वैश्विक अनिश्चितता बीच लचीलोपन, व्यापार एकीकरण अनि आर्थिक परिवर्तनको प्रबंधनमाथि चर्चा गर्नेछ।

**राज्यसभा – सिन्धिया**

सञ्चारमन्त्री ज्योतिरादित्य सिन्धियाले राज्यसभालाई ग्राम पञ्चायतहरूमा दूरसञ्चार कनेक्टिभिटी सम्बन्धी प्रमुख उपलब्धिहरू र भविष्यका योजनाहरूको बारेमा जानकारी गराउनु भयो। उहाँले भारत-नेट भारतको डिजिटल रूपान्तरणको मेरुदण्ड बनेको बताउनु भयो। सदनमा सोधिएको प्रश्नको जवाफ दिँदै श्री सिन्धियाले सरकारको लक्ष्य प्रत्येक नागरिकलाई विश्वस्तरीय, छिटो र भरपर्दो ब्रोडब्यान्ड कनेक्टिभिटी प्रदान गर्नु रहेको बताउनु भयो।

**क्रिकेट – डब्ल्यूपीएल**

महिला प्रिमियर लिग क्रिकेट प्रतियोगितामा हिज राति बडोदरामा रोयल च्यालेन्जर्स बैंग्लोरले यूपी वारियर्सलाई ८ विकेटले पराजित गरेको छ। कप्तान स्मृति मन्धाना र ग्रेस ह्यारिसले पहिलो विकेटका लागि १०८ रनको साझेदारी गरेका थिए। ग्रेस ह्यारिसले ३७ बलमा ७५ रनको तुफानी पारि खेलिन्। स्मृति मंधानाले २७ बलमा अविजित ५४ रन बनाइन्।